आज मिति २०७९।०२।१० गतेका दिन यस बाणगंगा नगरपालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्याल ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरी निर्णय गर्न निम्नानुसारका पदाधिकारीहरुको उपस्थिति रहेको छ।

उपस्थितिः

| क्र. स. | पदाधिकारीहरुको नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | संजु कुमार सारु मगर | वडाध्यक्ष | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष | |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष | |
| ८ | करुण टण्डन | वडाध्यक्ष | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष | |
| ११ | कमल पौडेल | वडाध्यक्ष | |
| १२ | यम प्रसाद पोख्रेल | वडाध्यक्ष | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष | |
| १४ | टेकराज पन्थी | सचिव | |

नगर कार्यपालिकाको ११५ औं बैठक

बाणगङ्गा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बाणगङ्गा, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

मितिः २०७९।०२।१०

कार्यपालिका बैठकका प्रस्तावहरु-

१. स्थानीय तह सदस्य निर्वाचन २०७९ को निर्वाचन प्रकृयामा सहभागी सबैलाई धन्यवाद दिने सम्बन्धमा।

२. योजना तर्जुमा प्रकृया एवं एघारौं नगरसभाको तयारी सम्बन्धमा।

३. वैशाख महिना सम्मको आय व्यय सम्बन्धमा।

४. योजनाहरुको सम्झौता तथा फरफारक सम्बन्धमा।

५. विविध

निर्णयहरुः-

**निर्णय नं. १**

स्थानीय तह सदस्य निर्वाचन २०७९ निर्वाचन प्रकृयामा सहभागी भई शान्तिपूर्ण र निष्पक्ष रुपमा निर्वाचन सम्पन्न गर्न सहयोग पुराउनुहुने राजनितिक दल, दलका प्रतिनिधी, विभिन्न संघसंस्था, कर्मचारी, स्थानीय आमाबुवा दाजुभाई दिदिबहिनी, समाजसेवी बुद्धिजिवी, सुरक्षाकर्मी, विभिन्न उम्मेदार लगायत निर्वाचन र मतदान प्रकृयामा सहभागी सम्पूर्णमा हार्दिक धन्यवाद दिने एवं विजयी सबै उमेदवारहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने।

**निर्णय नं. २**

आर्थिक वर्ष २०७९।८० को लागि यस बाणगङ्गा नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम २०७९ असार ५ गते भित्र र बजेट तथा कार्यक्रम २०७९ असार १० गते भित्र स्वीकृत गर्ने गरी सबै प्रकृयामा जनप्रतिनिधि एवं कर्मचारीहरु सकृय भई निर्धारित समयमै नीति तथा कार्यक्रम स्वीकृत गरी योजना तर्जुमा एवं बजेट सम्बन्धी कार्य सम्पन्न गर्ने।

**निर्णय नं. ३**

चालु आर्थिक वर्ष ०७८।७९ को वैशाख मसान्त सम्म भएको शिर्षकगत आम्दानी तथा खर्चहरुको विवरण संक्षिप्त रुपमा निम्नानुसार सार्वजनिक गर्ने।

| आय तर्फ | | | | |
|---|---|---|---|---|
| बार्षिक बजेट | वैशाख मसान्त सम्मको | प्रतिशत | प्रक्षेपण भन्दा बांकी | |
| १,१२,५३,०६,१४०।- | ८४,७२,७४,६६४।३० | ७५।२९ | २७,८०,३१,४७५।७० | |
| **ब्यय तर्फ** | | | | |
| शिर्षक | वार्षिक बजेट | खर्च | खर्च प्रतिशत | बांकी |
| चालु | ६४,६२,९९,५१९।०० | ३७,११,०५,३५०।५६ | ५७.४२ | २७,५१,९४,१६८।४४ |
| पुजीगत | ४७,९०,०६,६२१।०० | १६,३६,१९,९६८।०० | ३४.१५ | ३१,५३,८६,६५३।०० |
| जम्मा खर्च | १,१२,५३,०६,१४०।०० | ५३४७२५३१८।५६ | ४७.५१ | ५९,०५८०,८२१।४४ |

**निर्णय नं. ४**

चालु आर्थिक वर्ष २०७८।७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुरसार रहेका योजना तथा कार्यक्रमहरु र नगर कार्यपालिकाको वैठकबाट छुट्टाईएका योजना तथा कार्यक्रमहरु जेष्ठ १५ गते भित्र सम्झौता गरिसक्नुपर्ने।

**निर्णय नं. ५**

- बाणगङ्गा नगरपालिका निवेदक वा फिरादी भै मुद्दा गर्नु परेमा वा यस नगरपालिका विपक्षी भै चलेका मुद्दाहरु जिल्ला अदालत, उच्च अदालत, सर्वोच्च अदालतमा लिखित जवाफ पेश गरी पूर्पक्ष गर्न वा गराउने सम्पूर्ण जिम्मेवारी नगरप्रमुख श्री चक्रपाणी अर्यालालाई अधिकार दिने।
- स्थानीय तह सदस्य निर्वाचनबाट निर्वाचित भई आउनुभएका सबै जनप्रतिनिधिहरुलाई जनप्रतिनिधिहरुको पद अनुसार काम कर्तव्य र अधिकार सम्बन्धी विषयमा जेष्ठ १६ र १७ गते अभिमुखीकरण तालिम सञ्चालन गर्ने।
- २०७९ जेष्ठ मसान्त भित्र बालश्रममुक्त स्थानीय तह घोषणा गर्न सबै सरोकारवालाहरुसंग समन्वय गरी कार्यक्रमहरु सञ्चालन गर्ने।